# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४३ | अंक ४ | नेपाल राष्ट्र बैंक समाचार | पुस २०७५ | डिसेम्बर-जनवरी २०१९


# गभर्नर डा. नेपालद्वारा SEACEN को कार्यक्रममा सहभागिता




गभर्नर डा. चिरंजीबि नेपाल Central Bank of Sri Lanka ले २०७५ मंसिर १३ देखि १६ गते (November 29 - December 2, 2018) सम्म श्रीलंकाको राजधानी कोलम्बोमा आयोजना गरेको ५४ औं SEACEN Governors' Conference/High Level Seminar तथा ३८ औं SEACEN Board of Governors' Meeting मा सहभागी हुनुभयो ।

Monetary Policy in a Rapidly Evolving Environment विषय मूल एजेण्डा रहेको उक्त कन्फरेन्स तथा सेमिनारमा अन्तर्राष्ट्रिय मुद्रा कोषका Deputy Managing Director Mr. Mitsuhiro Furusawa ले उद्घाटन मन्तव्य व्यक्त गर्नुभएको थियो ।

Central Bank of Sri Lanka का गभर्नर Dr. Indrajit Coomaraswamy ले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कन्फरेन्स तथा सेमिनारमा Bank of Thailand का गभर्नर Mr. Veerathai Santiprabhob र SEACEN Centre का कार्यकारी निर्देशक Mr. Hans Genberg ले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

SEACEN सदस्य केन्द्रीय बैंकका गभर्नरहरु तथा अन्य पदाधिकारीहरुको सहभागिता रहेको उक्त कन्फरेन्स अन्तर्गत क्रमशः Central Bank Digital Currencies, Inflation in Emerging Economies र Central Banking Challenges in Small and Open Economies विषयमा तीन वटा सेसन सञ्चालन गरिएका थिए ।

कन्फरेन्सको दोस्रो सेसनको अध्यक्षता गभर्नर डा. नेपालले गर्नुभएको थियो । उक्त सेसनमा अध्यक्षको मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले आर्थिक विकासका चुनौती र प्रभाव, विश्व अर्थतन्त्र, मौद्रिक नीति तथा मुद्रास्फीति र यसले नेपाल जस्ता देशहरुलाई पार्ने असरका बारेमा चर्चा गर्नुभएको थियो । उक्त सेसनमा विश्व बैंकको Development Prospects Group का निर्देशक Dr. Ayhan Kose ले वार्ता प्रस्तुत गर्नुभएको थियो ।

कन्फरेन्सको पहिलो सेसनमा Sveriges Riksbank (Central Bank of Sweden) का डेपुटी गभर्नर Ms. Cecilia Skingsley र तेस्रो सेसनमा Central Bank of Iceland का गभर्नर Mr. Már Guðmundsson ले वार्ता प्रस्तुत गर्नुभएको थियो ।

तीन वटै सेसनमा प्रस्तुत गरिएका वार्तामाथि सहभागी गभर्नरहरुबीच छलफल भएको थियो ।

सम्मेलनको तेस्रो दिन ३८ औं सिसन बोर्ड अफ गभर्नर्स बैठक सम्पन्न भयो । उक्त बैठकमा पनि गभर्नर डा. नेपाल सहभागी हुनुभयो ।

उक्त बैठकले Central Bank of Sri Lanka का गभर्नर Dr. Coomaraswamy लाई आगामी एक वर्षका लागि सिसन बोर्ड अफ गभर्नर्सको अध्यक्षमा चयन गऱ्यो । बैठकले SEACEN Centre को आगामी वर्षको प्रस्तावित बजेट तथा कार्यक्रम एवम् केन्द्रले आयोजना गर्ने तालिम तथा अनुसन्धानमूलक कार्यक्रमहरु पारित गर्नुका साथै ५५ औं सिसन गभर्नर्स कन्फरेन्स तथा ३९ औं सिसन बोर्ड अफ गभर्नर्स बैठक आयोजना गर्न Singapore ले राखेको प्रस्ताव स्वीकृत गरेको थियो ।

बाँकी ५ पृष्ठमा

## मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा २०७५ मंसिर ११ गते सार्वजनिक गऱ्यो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक स्थिति एवम् परिदृश्य, मौद्रिक नीतिको पहिलो त्रयमाससम्मको कार्यान्वयन अवस्था, कार्यदिशा, मौद्रिक तथा वित्तीय उपायहरू लगायतका विषयहरू समावेश गरी पहिलो त्रैमासिक समीक्षा प्रतिवेदन तयार गरिएको हो ।

आर्थिक वर्ष २०७५/७६ मा ८ प्रतिशतको हाराहारीमा आर्थिक वृद्धि हासिल हुने लक्ष्य रहेको सन्दर्भमा अनुकूल मौसम, व्यावसायिक वातावरणमा आएको सुधार, ऊर्जा आपूर्तिमा भएको वृद्धि र पर्यटक आगमन बढेको कारण समष्टिगत आर्थिक परिदृष्य सकारात्मक रहेको प्रतिवेदनमा उल्लेख छ ।

(समीक्षाको थप विवरण ३ पेजमा)

# कर्जा/स्रोत परिचालन अनुपात गणना व्यवस्थामा संशोधन

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह भएको सहुलियतपूर्ण कर्जा रकम संस्थाको कर्जा/स्रोत परिचालन अनुपात (CCD Ratio) गणना गर्ने प्रयोजनको लागि कर्जा तथा सापटबाट घटाउन पाउने व्यवस्था लागू गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ मंसिर २० गते परिपत्र जारी गरी सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम प्रवाहित कर्जालाई कर्जा/स्रोत परिचालन अनुपात गणना गर्ने प्रयोजनको लागि कर्जा तथा सापटबाट घटाउन सकिने व्यवस्था गरेको हो।

यसैगरी उक्त विभागद्वारा २०७५ पुस ११ गते जारी परिपत्र अनुसार कर्जा/स्रोत परिचालन अनुपात गणना गर्दा अन्तरबैंक कारोबारबाट प्राप्त सापटी रकमलाई स्रोत परिचालनमा समावेश गर्न सकिने, उक्त सापटी प्रदान गर्ने संस्थाले अन्तरबैंक सापटीलाई कर्जा सापटमा समावेश गर्नुपर्ने र यस प्रयोजनको लागि Rollover गरिएको अन्तर बैंक कारोबारलाई समावेश गर्न नपाइने व्यवस्था थप गरिएको छ।

क, ख र ग वर्गका इजाजतपत्र प्राप्त संस्थाको तरलता सम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले स्रोत परिचालन (स्वदेशी मुद्रामा भएको निक्षेप तथा प्राथमिक पुँजी) मा स्वदेशी मुद्रामा प्रवाह भएको कर्जा सापटको अनुपात (Credit to Core Capital and Domestic Deposits, CCD) ८० प्रतिशत नाघ्न नहुने गरी सीमा तोकिएको छ। तर कुनै बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा उपयोग गरेको भएमा सो रकम यस प्रयोजनको लागि कर्जा सापटबाट घटाउन सकिने छ।

बैंक तथा वित्तीय संस्थाले स्वदेशी मुद्रामा ५ वर्ष वा सो भन्दा बढी अवधिको ऋणपत्र जारी गरेको वा विदेशी बैंक, वित्तीय संस्था वा अन्य संस्थासँग विदेशी मुद्रामा ३ वर्ष वा सो भन्दा बढी अवधिको दीर्घकालीन ऋण लिएको भएमा त्यस्तो रकम र तोकिएको कर्जा कार्यक्रम सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थाले नेपाल सरकार वा अन्तर्राष्ट्रिय निकायबाट ३ वर्ष वा सो भन्दा बढी अवधिको लागि स्वदेशी मुद्रामा प्राप्त गरेको ऋणबाट प्रवाह भएको कर्जा बराबरको रकम कर्जा/स्रोत परिचालन अनुपात गणना प्रयोजनको लागि स्रोत परिचालनमा गणना गर्न सकिने व्यवस्था छ।

बैंक तथा वित्तीय संस्थाले कर्जा/स्रोत परिचालन अनुपात गणना गर्दा अन्तरबैंक निक्षेपलाई स्रोत परिचालनमा समावेश गर्न पाइने छैन। यस प्रयोजनको लागि अन्तर बैंक निक्षेप भन्नाले इजाजतपत्र प्राप्त एउटा संस्थाले अर्को संस्थालाई दिएको कर्जा/सापटी रकम सोही संस्थामा निक्षेपको रुपमा राखिएको रकमलाई जनाउने छ।

बैंक तथा वित्तीय संस्थाको कर्जा/स्रोत परिचालन अनुपातको अनुगमन दैनिक रुपमा गरिने र मासिक औसतका आधारमा त्यस्तो अनुपातको सीमा नाघेमा हर्जाना लगाइने व्यवस्था छ। प्रत्येक महिनाको १ गतेदेखि मसान्तसम्मको प्रत्येक कार्य दिन (सार्वजनिक बिदा बाहेक) को आधारमा मासिक औसत अनुपात निर्धारण गरिने छ। कर्जा/स्रोत परिचालन अनुपातको तोकिएको सीमा नाघेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ अनुसार हर्जाना लगाइने छ।

यस व्यवस्थाको प्रयोजनको लागि CCD Ratio गणना गर्दा प्राथमिक पुँजीको हकमा अघिल्लो त्रयमासमा कायम भएको प्राथमिक पुँजी एवम् कर्जा तथा सापट र स्वदेशी निक्षेपको हकमा सोही दिनको रकमलाई लिनु पर्नेछ। तर त्रयमास समाप्त भएपछि हकप्रद सेयर एवम् FPO को बाँडफाँट भई सो वापतको रकम प्राप्त भई पुँजी वृद्धि हुन गएमा प्राथमिक पुँजी गणना प्रयोजनको लागि सो रकम समेत समावेश गर्न सकिने व्यवस्था छ।

## औसत ब्याजदर अन्तर कायम गर्ने समयावधि परिमार्जन

नेपाल राष्ट्र बैंकले औसत ब्याजदर अन्तर वाणिज्य बैंकका लागि ४.५ प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीहरूका लागि ५ प्रतिशत कायम गर्नुपर्ने समयावधि परिमार्जन गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ मंसिर २० गते र पुस ११ गते परिपत्र जारी गरी औसत ब्याजदर अन्तर वाणिज्य बैंकको हकमा २०७५ असोज मसान्त पश्चात् ५ प्रतिशत भन्दा बढी, २०७५ चैत मसान्त पश्चात् ४.७५ प्रतिशत भन्दा बढी र २०७६ असार मसान्त पश्चात् ४.५ प्रतिशत भन्दा बढी तथा ख र ग वर्गका राष्ट्रियस्तरका वित्तीय संस्थाहरूको हकमा २०७५ पुस मसान्त पश्चात् र राष्ट्रियस्तर बाहेकका वित्तीय संस्थाहरूको हकमा २०७६ असार मसान्त पश्चात् ५ प्रतिशत भन्दा बढी भएमा तोकिए बमोजिमका कारवाही हुने जनाएको हो।

यसअघि बैंकले जारी गरेको एकीकृत निर्देशन २०७५ को इ.प्रा. निर्देशन नं. १५/०७५ को बुँदा नं. ४ को उपबुँदा नं. २ मा औसत ब्याजदर अन्तर वाणिज्य बैंकको हकमा विद्यमान ५ प्रतिशतबाट २०७६ असारसम्ममा ४.५ प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीको हकमा ५ प्रतिशत भन्दा बढी नहुने व्यवस्था गर्नु पर्ने र उपबुँदा नं. ३ मा औसत ब्याजदर अन्तर वाणिज्य बैंकको हकमा २०७५ असोज मसान्त पश्चात् ५ प्रतिशत भन्दा बढी र २०७६ असार मसान्त पश्चात् ४.५ प्रतिशत भन्दा बढी तथा विकास बैंक र वित्त कम्पनीको हकमा २०७५ असोज मसान्त पश्चात् ५ प्रतिशत भन्दा बढी भएमा तोकिए बमोजिमको कारवाही हुने व्यवस्था थियो।

तोकिए बमोजिमको औसत ब्याजदर अन्तर कायम नगर्ने बैंक तथा वित्तीय संस्थाहरूलाई कारवाही स्वरूप वाणिज्य बैंकको शाखा कार्यालय नभएका स्थानीय तह बाहेकका स्थानमा शाखा कार्यालय विस्तार गर्न रोक लगाउने, भूकम्प पीडितहरूलाई प्रवाह गरिने बाहेकका अन्य पुनरकर्जा सुविधा प्रदान नगर्ने र सो आर्थिक वर्षको बोनस सेयरको कर प्रयोजन बाहेकको नगद लाभांश घोषणा तथा वितरण गर्न रोक लगाउने कारवाही हुने व्यवस्था छ।

बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने एवम् सरकारी सुरक्षणपत्रको लगानीमा पाउने ब्याजदर बीचको औसत अन्तर अनुसूची-१५.२ बमोजिमको सूत्रबाट प्रत्येक महिना गणना गरी आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्ने व्यवस्था छ। साथै, ती संस्थाहरूले प्रत्येक त्रयमासको वित्तीय विवरण र ब्याजदर सम्बन्धी विवरण प्रकाशन गर्दा समेत अनिवार्य रुपमा औसत ब्याजदर अन्तर प्रकाशन गर्नु पर्ने र यस व्यवस्था बमोजिम प्रकाशित गरिएको औसत ब्याजदर अन्तर गणना सम्बन्धी विवरण निर्देशन फा.नं. १५.२ बमोजिमको ढाँचामा यस बैंकमा पेश गर्नु पर्ने समेत व्यवस्था छ।

# मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा

आर्थिक वर्ष २०७५/७६ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य सहित मौद्रिक नीति जारी गरिएकोमा वार्षिक विन्दुगत आधारमा २०७५ असोजमा उपभोक्ता मुद्रास्फीति ४.७ प्रतिशत रहेको पहिलो त्रैमासिक समीक्षा प्रतिवेदनमा उल्लेख छ। अनुकूल मौसम, न्यून अन्तर्राष्ट्रिय मुद्रास्फीति र आपूर्ति व्यवस्थापनमा आएको सुधार लगायतका कारण पहिलो त्रयमासमा मुद्रास्फीति न्यून रहेको हो। यद्यपि, अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियमको मूल्य वृद्धिको Pass through effect तथा नेपाली रुपैयाँको अवमूल्यनका कारण आगामी दिनमा मुद्रास्फीतिमा चाप पर्नसक्ने जोखिम भने कायमै रहेको समीक्षामा उल्लेख छ।

आर्थिक वर्ष २०७५/७६ मा कम्तिमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य रहेकोमा उच्च आयातका कारण २०७५ असोज मसान्तमा कायम रहेको विदेशी विनिमय सञ्चितिले ७.९ महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने देखिएको प्रतिवेदनमा उल्लेख छ। उच्च आयातको प्रवृत्ति कायमै रहेमा विदेशी विनिमय सञ्चितिमा थप दबाब पर्ने जोखिम रहेको छ।

आर्थिक वर्ष २०७५/७६ मा विस्तृत मुद्राप्रदायको वृद्धिदर १८ प्रतिशतको सीमाभित्र कायम राख्ने लक्ष्य रहेकोमा वार्षिक विन्दुगत आधारमा २०७५ असोज मसान्तमा विस्तृत मुद्राप्रदायको वृद्धिदर १८.६ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ। निजी क्षेत्रतर्फ उच्चदरमा कर्जा विस्तार भएका कारण विस्तृत मुद्राप्रदायको वृद्धि लक्षित स्तर भन्दा केही उच्च रहेको हो।

लक्षित आर्थिक वृद्धि, मुद्रास्फीति एवम् सरकारी साधन परिचालनको अवस्थालाई दृष्टिगत गरी आर्थिक वर्ष २०७५/७६ मा कुल आन्तरिक कर्जाको वृद्धिदर २२.५ प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा वार्षिक विन्दुगत आधारमा २०७५ असोज मसान्तमा यस्तो कर्जा २९.६ प्रतिशतले वृद्धि भएको छ। त्यसै गरी आर्थिक वर्ष २०७५/७६ मा निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जाको वृद्धिदर २० प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा वार्षिक विन्दुगत आधारमा २०७५ असोज मसान्तमा यस्तो कर्जा २५.२ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिमा उल्लेख भए बमोजिम बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नुपर्ने अनिवार्य नगद मौज्दात अनुपात ४ प्रतिशत, वैधानिक तरलता अनुपात वाणिज्य बैंकका लागि १० प्रतिशत, विकास बैंकका लागि ८ प्रतिशत र वित्त कम्पनीका लागि ७ प्रतिशत तोकिसकिएको छ भने अन्तिम ऋणदाता सुविधा दरको रुपमा रहेको बैंकदरलाई ७ प्रतिशतबाट ६.५ प्रतिशत कायम गरिएको छ।

बैंक तथा वित्तीय संस्थाहरूलाई दीर्घकालीन ऋणपत्र जारी गरी वित्तीय साधन परिचालन गर्न प्रोत्साहन गरिएको र यसरी संकलित साधनलाई कर्जा/स्रोत परिचालन अनुपात (CCD ratio) गणना गर्दा समावेश गर्ने व्यवस्था मिलाइएको छ। यस व्यवस्था अन्तर्गत एउटा वाणिज्य बैंकले रु.१ अर्ब ८३ करोडको डिबेञ्चर निष्काशन गरेको छ।

वित्तीय क्षेत्र विकास रणनीतिमा उल्लिखित व्यवस्थालाई ध्यानमा राखी वाणिज्य बैंकहरूले २०७६ असारसम्म कर्जा तथा निक्षेपबीचको ब्याजदर अन्तर ४.५ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था लागू गरिएको छ। पूर्वाधार बैंकहरूको स्थापना र सञ्चालनका लागि आवश्यक नियमन, निरीक्षण र सुपरिवेक्षण सम्बन्धी नीतिगत व्यवस्था तयार हुने क्रममा रहेको प्रतिवेदनमा उल्लेख छ।

चालु आर्थिक वर्षभित्र सबै वाणिज्य बैंकहरूले प्रत्येक प्रदेशमा प्रादेशिक कार्यालय स्थापना गर्नुपर्ने व्यवस्था गरिएको, राष्ट्रिय स्तर बाहेकका वित्तीय संस्थाहरूको कार्यक्षेत्रलाई प्रादेशिक संरचना अनुसार समायोजन गर्न नीतिगत व्यवस्था गरिने कार्य अगाडि बढाइएको र एक वर्षभित्र सबै नेपालीको बैंक खाता खोल्ने अभियानलाई निरन्तरता दिइएको प्रतिवेदनमा उल्लेख छ।

वित्तीय समावेशीकरण सम्बन्धी सूचकहरूको जानकारी Financial Inclusion Portal बाट प्राप्त गर्न सकिने व्यवस्था मिलाइएको र भुक्तानी सेवा प्रदायक तथा भुक्तानी प्रणाली सञ्चालकहरूले वित्तीय विवरण प्रकाशन गर्नुपूर्व यस बैंकको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको पनि प्रतिवेदनमा उल्लेख छ। २०७५ कात्तिक सम्ममा ३ वटा भुक्तानी प्रणाली सञ्चालक र २ वटा भुक्तानी सेवा प्रदायक संस्थालाई कारोवारका लागि अनुमति प्रदान गरिएको र २५ वटा संस्थाहरूलाई भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायकको कार्य गर्ने संस्था/संयन्त्र स्थापनाका लागि आशयपत्र (Letter of Intent) प्रदान गरिएको पनि प्रतिवेदनमा उल्लेख छ।

आर्थिक वर्ष २०७३/७४ देखि लागू गरिएको ब्याजदर कोरिडोरलाई थप परिष्कृत गर्ने क्रममा ६.५ प्रतिशतको स्थायी तरलता सुविधा दरलाई कोरिडोरको माथिल्लो सीमा तथा ३.५ प्रतिशतको दुई हप्ते निक्षेप संकलन दरलाई तल्लो सीमा निर्धारण गरिएको छ। अल्पकालीन ब्याजदरलाई कोरिडोरको सीमाभित्र कायम राख्न ५ प्रतिशतको रिपो दरलाई नीतिगत दरको रुपमा राखिएको छ। तर अल्पकालीन ब्याजदरलाई उपयुक्त स्तरमा राखी ब्याजदर स्थायित्व कायम गर्न खुला बजार कारोबारलाई सक्रिय बनाउँदै ब्याजदर कोरिडोर सम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक परिमार्जन गरिने प्रतिवेदनमा उल्लेख छ।

प्राथमिकताप्राप्त क्षेत्रहरूमा तोकिएको अनुपातमा कर्जा लगानी विस्तार गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई प्रोत्साहित गर्दै सोको अनुगमनलाई थप प्रभावकारी बनाइने, नेपाल सरकारद्वारा स्वीकृत 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५' अनुसार बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने सहुलियतपूर्ण कर्जालाई कर्जा/स्रोत परिचालन अनुपात (CCD ratio) गणना गर्ने प्रयोजनका लागि कुल कर्जा सापटमा समावेश गर्नु नपर्ने नीतिगत व्यवस्था गरिने र बैंक तथा वित्तीय संस्थामा सञ्चालक एवम् प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी व्यवस्थालाई थप प्रभावकारी बनाउँदै संस्थागत सुशासन प्रबर्द्धन गर्न आवश्यक नीतिगत व्यवस्था गरिसकिएको परिप्रेक्ष्यमा यस्तो व्यवस्था निश्चित तहसम्मको पदाधिकारीलाई समेत अनिवार्य गरिनुका साथै प्रमुख कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धी व्यवस्थालाई थप पारदर्शी बनाउन आवश्यक नीतिगत व्यवस्था गरिने समीक्षा प्रतिवेदनमा उल्लेख छ।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति २०७५ असार २७ गते सार्वजनिक गरेको थियो। मूल्य, बाह्य एवम् वित्तीय क्षेत्र स्थायित्व कायम गर्ने तथा नेपाल सरकारको बजेटसँग तादात्म्यता मिलाउँदै लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुऱ्याउने उक्त मौद्रिक नीतिको प्रमुख उद्देश्य रहेको थियो।

# हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने व्यवस्थामा दोस्रो संशोधन

नेपाल राष्ट्र बैंकले हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० मा दोस्रो संशोधन गरेको छ ।

२०७५ मंसिर ४ गतेदेखि लागू भएको उक्त संशोधन अनुसार हायर पर्चेज कर्जा दिन केन्द्रीय बैंकबाट स्वीकृति लिने नयाँ कम्पनीको न्यूनतम चुक्ता पुँजी (साधारण शेयर) रु.१० करोडबाट बढाएर रु.३० करोड कायम गरिएको छ । यसअघि स्वीकृति लिई कर्जा कारोबार गरिरहेका कम्पनीहरुले भने २०७७ असार मसान्तसम्ममा रु.२० करोड र २०७८ असार मसान्तसम्ममा रु.३० करोड चुक्ता पुँजी पुऱ्याउनु पर्नेछ । यस्ता कम्पनीले चुक्ता पुँजी दोब्बर नभएसम्म प्रत्येक आर्थिक वर्षको खुद मुनाफाबाट कम्तीमा २० प्रतिशत रकम सञ्चित कोषमा जम्मा गर्नुपर्ने र चुक्ता पुँजी दोब्बर भएपछिको आर्थिक वर्षदेखि खुद मुनाफाको कम्तीमा १० प्रतिशत रकम थप्दै जानुपर्ने व्यवस्था गरिएको छ ।

यस्तो कम्पनीले व्यवसाय सञ्चालनका क्रममा कम्तीमा रु.१० करोड बराबरको खुद सम्पत्ति (Net Worth) कायम गर्नु पर्ने यसअघिको व्यवस्था भने खारेज गरिएको छ । साथै, हायर पर्चेज कर्जा दिने कम्पनीको उपस्थिति बढी भएको क्षेत्रमा थप कम्पनी स्थापनाका लागि नयाँ निवेदन आएमा सो अस्वीकार गर्न सकिने व्यवस्था थप गरिएको छ ।

यसअघि कृषि, औद्योगिक वा व्यावसायिक प्रयोजनका लागि सवारी साधन, मेसिनरी, औजार, उपकरण खरिद गर्नका लागि किस्ताबन्दीमा फिर्ता गर्दै सम्पूर्ण किस्ता भुक्तानी भइसकेपछि स्वामित्व हस्तान्तरण हुने गरी प्रदान गरिएको कर्जा वा सापटलाई मात्र हायर पर्चेज कर्जा भनी परिभाषित गरिएकोमा दोस्रो संशोधनले निजी प्रयोजनको लागि प्रदान गरिने उपर्युक्त कर्जा वा सापटलाई पनि हायर पर्चेज कर्जामा समावेश गरेको छ ।

हायर पर्चेज कर्जा दिने कम्पनीले नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिन यसअघि निवेदनको साथ कम्पनीको चुक्ता पुँजीको ०.१ प्रतिशतले हुने रकम स्वीकृति दस्तुर बुझाउनु पर्नेमा पछिल्लो संशोधनले उक्त दस्तुर दोबर बनाएर चुक्ता पुँजीको ०.२ प्रतिशतले हुने रकम स्वीकृति दस्तुर तोकेको छ । यसैगरी, यस्ता कम्पनीले नवीकरणका लागि बुझाउनु पर्ने दस्तुर पनि शतप्रतिशत बढाएर रु.२ लाख पुऱ्याएको छ। यसअघि प्रत्येक २ वर्षमा कम्पनीलाई दिइएको स्वीकृति नवीकरण गरी सक्नुपर्ने र नवीकरण दस्तुर वापत रु.१ लाख बुझाउनु पर्ने व्यवस्था थियो । संशोधनले प्रत्येक २ आर्थिक वर्षमा आर्थिक वर्ष समाप्त भएपछिको साउन मसान्तसम्ममा स्वीकृति नवीकरण गरी सक्नुपर्ने, सो अवधिभित्र नवीकरण हुन नसकेमा लाग्ने दस्तुरमा १० प्रतिशत थप गरी भदौ मसान्तसम्म र २० प्रतिशत थप गरी असोज मसान्तसम्ममा नवीकरण गर्न सकिने व्यवस्था थप गरेको छ।

हायर पर्चेज कर्जा दिन स्वीकृति प्राप्त कम्पनीहरुले ऋण तथा सापटी लिई कर्जा प्रदान गरेको अवस्थामा यसरी प्राप्त गरेको ऋण तथा सापटीमा दिनुपर्ने ब्याजदरमा ३ प्रतिशतभन्दा बढी नहुने गरी हायर पर्चेज कर्जामा ब्याजदर मार्जिन कायम गर्नुपर्ने व्यवस्था गरिएको छ। यसअघि यस्तो ब्याजदर मार्जिन ३.५ प्रतिशतसम्म कायम गर्न सकिने व्यवस्था थियो ।

यस्ता कम्पनीहरुले गरेको कारोबारको विवरण अर्धवार्षिक अवधि समाप्त भएको ३० दिनभित्र पेश गर्नुपर्ने व्यवस्था थप गरिएको छ । उपर्युक्त विवरण अन्तर्गत (क) वासलात तथा नाफा नोक्सान हिसाब र सोसँग सम्बन्धित अनुसूचीहरु (नेपाल सरकार, कम्पनी रजिस्ट्रार कार्यालयमा बुझाएको विवरण अनुसार), (ख) उपभोग भएको कर्जाको विवरण (कर्जा प्रवाह गर्ने संस्था र ब्याजदर समेत), (ग) कुल प्रवाह भएको ऋण विवरण, उपकरणको प्रकार अनुसारको विवरण र १० ठूला ऋणीको विवरण सहित कुल संख्या र रकम, (घ) कर्जा नोक्सानी व्यवस्था रकम र संख्या, (ङ) चुक्ता पुँजी, नेटवर्थ, नेटवर्थको कर्जा लिएको गुणा, ब्याजदर अन्तर (तोकिएको अनुसूची बमोजिम) पेश गर्नु पर्नेछ । यसैगरी, यस्ता कम्पनीहरुले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरी वित्त कम्पनी सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ । साथै, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा कुनै पनि संशोधन अभिलेख भएमा सोको जानकारी १५ दिनभित्र बैंक तथा वित्तीय संस्था नियमन विभाग र वित्त कम्पनी सुपरिवेक्षण विभागलाई दिनुपर्ने व्यवस्था गरिएको छ ।

यस्ता कम्पनीहरुले कर्जा सूचना लिन पाउने व्यवस्था लागू भएपछि रु.१० लाख भन्दा बढीको हायर पर्चेज कर्जा प्रवाह गर्नु परेमा अनिवार्य रुपमा कर्जा सूचना लिनुपर्ने, एक भन्दा बढी कम्पनी (बहुब्राण्ड) बाट उत्पादित सवारी साधन, मेसिनरी, औजार, उपकरणहरुमा अनिवार्य रुपमा लगानी गर्नुपर्ने र सो सम्बन्धी जानकारी सर्वसाधारणलाई दिनुपर्ने, कुनै किसिमको कार्यालय खोल्न, शाखा कार्यालय खोल्न वा सञ्चालनमा रहेको शाखा वा केन्द्रीय कार्यालय (रजिस्टर्ड कार्यालय) स्थानान्तरण गर्न स्वीकृति लिनुपर्ने तथा कम्पनीले शाखा खोलेको जानकारी लगायत सम्पूर्ण विवरण बैंक तथा वित्तीय संस्था नियमन विभाग र वित्त कम्पनी सुपरिवेक्षण विभागलाई दिनुपर्ने व्यवस्था थप गरिएको छ ।

बैंकले २०७० सालमा जारी गरेको हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रक्रियागत व्यवस्था, २०७० मा २०७४ वैशाख २० गतेदेखि लागू हुने गरी प्रथम संशोधन गरेको थियो ।

**दोस्रो संशोधनका मुख्य मुख्य बुँदाहरु**

| संशोधनको बुँदा | संशोधन अघि | संशोधन पछि |
|---|---|---|
| हायर पर्चेज कर्जा प्रयोजन | कृषि, औद्योगिक वा व्यावसायिक | कृषि, औद्योगिक, व्यावसायिक वा निजी |
| न्यूनतम चुक्ता पुँजी | रु.१० करोड | रु.३० करोड |
| कम्पनीले कायम गर्नुपर्ने खुद सम्पत्ति | रु.१० करोड | व्यवस्था खारेज |
| स्वीकृति दस्तुर | चुक्ता पुँजीको ०.१ प्रतिशत | चुक्ता पुँजीको ०.२ प्रतिशत |
| नवीकरण दस्तुर | रु.१ लाख | रु.२ लाख |
| थप नवीकरण दस्तुर र समय | व्यवस्था नभएको | १० प्रतिशत थप गरी भदौसम्म र २० प्रतिशत थप गरी असोजसम्म |
| ब्याजदर मार्जिन | ३.५ प्रतिशतसम्म | ३.० प्रतिशतसम्म |

# नेपालगञ्जमा विदेशी मुद्रा कारोबार सम्बन्धी अन्तरक्रिया

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा नेपालगञ्ज कार्यालयले २०७५ मंसिर २८ गते कार्यालयको सभाहलमा परिवर्त्य तथा अपरिवर्त्य विदेशी मुद्रा कारोबार सम्बन्धी एक दिने अन्तरक्रिया आयोजना गर्‍यो ।



कार्यक्रममा डेपुटी गभर्नर शिवाकोटीले विदेशी विनिमय व्यवस्थापनका विविध पक्ष, बैंक तथा वित्तीय संस्थाहरूमा देखिएको ऋणयोग्य कोषको कमी, ब्याजदर वृद्धि हुनुको कारण तथा उत्पादनशील क्षेत्रमा प्रदान गरिने सहुलियतपूर्ण कर्जाका बारेमा चर्चा गर्दै वित्तीय साक्षरताको महत्वलाई केन्द्रविन्दुमा राखेर नेपाललाई आत्मनिर्भर र आर्थिक समृद्धियुक्त मुलुक बनाउन सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

ब्याजदर स्थिरताका लागि नेपाल राष्ट्र बैंक सजग रहेको बताउँदै उहाँले घट्दै गएको विदेशी विनिमय सञ्चितिको समाधानको निम्ति छिट्टै थप नीतिगत व्यवस्था गरिने बताउनु भयो ।

कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भीष्मराज ढुंगानाले परिवर्त्य तथा अपरिवर्त्य विदेशी मुद्रा कारोबार व्यवस्था, देशभित्र र देशबाहिर विदेशी मुद्रा ल्याउने तथा लैजाने नीतिगत व्यवस्था, आयात निर्यातको भुक्तानी विधि एवम् विदेशी विनिमयसँग सम्बन्धित नीतिगत व्यवस्थाको जानकारी दिँदै समग्र अर्थतन्त्रको अवस्था अनुरुप नेपाल राष्ट्र बैंकले विदेशी विनिमय कारोबारको नियमन गर्ने गरेको बताउनु भयो ।

कार्यक्रमको सुरुमा नेपालगञ्ज कार्यालयका निर्देशक विमलराज खनालले स्वागत मन्तव्य व्यक्त गर्दै अन्तरक्रिया आयोजना गर्नुको औचित्य र महत्वबारे प्रकाश पार्नुभयो ।

अन्तरक्रियामा विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक ईश्वरीप्रसाद न्यौपानेले परिवर्त्य तथा अपरिवर्त्य विदेशी मुद्रा कारोबार व्यवस्था सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले विदेशी विनिमय कारोबार गर्न इजाजतपत्र लिने प्रक्रिया, इजाजतपत्र नवीकरण प्रक्रिया, इजाजतपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाले पालना गर्नुपर्ने विषय, निरीक्षण तथा अनुगमन तथा कारवाही व्यवस्थाका बारेमा जानकारी दिनुभयो ।

कार्यक्रममा नेपालगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष नन्दलाल वैश्यले अन्तरक्रियाबाट सो क्षेत्रका उद्योगी तथा व्यवसायीहरू लाभान्वित भएको धारणा व्यक्त गर्दै उद्योगीहरूलाई आयात/निर्यात गर्दा वित्तीय सहजीकरण गर्न र भारतीय रुपैयाँको सटही खुकुलो पार्न अनुरोध गर्नुभयो ।

नेपालगञ्ज क्षेत्रका परिवर्त्य तथा अपरिवर्त्य विदेशी मुद्रा कारोबार गर्ने बैंक तथा वित्तीय संस्था, मनिचेञ्जर, ट्राभल्स तथा ट्रेकिङ एजेन्सी र होटलका प्रतिनिधिहरूका साथै सो क्षेत्रका उद्योगी, व्यवसायीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा कार्यालयका उप-निर्देशक गुणराज भट्टले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन कार्यालयका सहायक निर्देशक रामचन्द्र भट्टराईले गर्नुभएको थियो ।

## गभर्नर डा. नेपालद्वारा...

५४ औं SEACEN Governors' Conference/High Level Seminar तथा ३८ औं SEACEN Board of Governors' Meeting को क्रममा गभर्नर डा. नेपाल र सिसन सदस्य केन्द्रीय बैंकका गभर्नरहरु बीच आपसी हित तथा द्विपक्षीय



सहयोगको विषयमा पनि छलफल भएको थियो ।

गभर्नर डा. नेपाल ती कार्यक्रममा सहभागी हुन २०७५ मंसिर १२ गते कोलम्बोतर्फ प्रस्थान गर्नुभई मंसिर १९ गते काठमाडौं फर्कनुभएको थियो ।

कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका निर्देशक गुरुप्रसाद पौडेल र गभर्नरको कार्यालयका उप-निर्देशक सुरेश पन्त पनि सहभागी हुनुहुन्थ्यो ।

वित्तीय, मौद्रिक, बैंकिङ, आर्थिक विकाससँग सम्बन्धित क्षेत्रहरुमा अनुसन्धान तथा सदस्य केन्द्रीय बैंक र मनिटरी अथोरिटीका अधिकारी तथा कर्मचारीहरुलाई ती विषयहरुमा तालिम प्रदान गर्ने उद्देश्यले सन् १९८२ मा स्थापना भएको The South East Asian Central Banks (SEACEN) Research and Training Centre को नेपाल राष्ट्र बैंक संस्थापक सदस्य हो । हाल नेपाल लगायत ब्रुनाई दारुसलाम, कम्बोडिया, चीन, भारत, इण्डोनेसिया, हङकङ, कोरिया, लाओस, मलेसिया, मंगोलिया, म्यानमार, पपुवा न्युगिनी, फिलिपिन्स, सिंगापुर, श्रीलंका, चाइनिज ताइपेई, थाइल्याण्ड र भियतनाम गरी १९ मुलुकका केन्द्रीय बैंकहरु यसका सदस्य रहेका छन् ।

# लघु वित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूको कार्यशाला सम्पन्न

डेपुटी गभर्नर शिवराज श्रेष्ठको प्रमुख आतिथ्यमा लघु वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागले २०७५ मंसिर २१ गते लघु वित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूका लागि बैंकले जारी गरेको निर्देशनहरूको अनुपालना एवम् लघु वित्त क्षेत्रको विस्तार, सम्भावना र चुनौती विषयक कार्यशाला गोष्ठी काठमाडौंमा सम्पन्न गऱ्यो ।

सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले सबै लघु वित्त वित्तीय संस्थाहरूले केन्द्रीय बैंकले जारी गरेका निर्देशनहरूको पूर्ण पालना गर्नुपर्नेमा जोड दिनुभयो। साथै, उहाँले पछिल्लो समयमा लघु वित्त वित्तीय संस्थाहरूको संख्या वृद्धिसँगै नयाँ खालका विकृति र विसंगति समेत देखिन थालेकाले सोको निराकरणको निम्ति स्वयम् लघु वित्त वित्तीय संस्थाहरू नै चनाखो हुनुपर्ने खाँचो औंल्याउनु भयो ।

कार्यशालामा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ दिँदै उहाँले लघु वित्त वित्तीय संस्थाहरूले वित्तीय पहुँच र वित्तीय समावेशीताको माध्यम मार्फत गरिबी न्यूनीकरणमा अझ बढी ध्यान दिनुपर्ने बताउनु भयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले लघु वित्त वित्तीय संस्थाहरूको बढ्दो संख्या, ती संस्थाहरूमा रहेको दोहोरोपना र न्यून साख सूचना आदानप्रदान नै प्रमुख समस्या रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा लघु वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारीले लघु वित्त वित्तीय संस्थाहरूमा देखिएका प्रमुख कमजोरीहरूको बारेमा चर्चा गर्दै नेपाल राष्ट्र बैंकले जारी गरेको पछिल्लो निर्देशन कार्यान्वयनको क्रममा कुनै व्यावहारिक कठिनाई उत्पन्न भएमा आपसी छलफलबाट निक्यौंलमा पुग्न सकिने धारणा व्यक्त गर्नुभयो ।

कार्यशालामा लघु वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक दयाराम शर्मा पंगेनीले 'लघु वित्त वित्तीय संस्थाहरूलाई जारी नियमनका मुख्य व्यवस्थाहरू, लघु वित्त क्षेत्रको सम्भावना, विस्तारका साथै चुनौतीहरू' सम्बन्धमा र सोही विभागका कायम मुकायम निर्देशक शैलेन्द्र रेग्मीले 'लघु वित्त वित्तीय




संस्थाहरूमा देखिएका प्रमुख कैफियतहरू' सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभएको थियो । सोही विभागका उप-निर्देशक रत्नेश्वरलाल कर्णले स्वागत मन्तव्य राख्नुभएको उक्त कार्यक्रमको सञ्चालन अर्का उप-निर्देशक थानेश्वर आचार्यले गर्नुभएको थियो ।

# ब्याजदर कोरिडोर विषयमा ज्ञान आदानप्रदान

गभर्नरको कार्यालयले २०७५ मंसिर ६ गते ब्याजदर कोरिडोरको विभिन्न पक्षहरू विषयमा आर्थिक वर्ष २०७५/७६ को दोस्रो ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केको सभापतित्वमा आयोजित उक्त कार्यक्रममा राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले ब्याजदर कोरिडोरका विभिन्न पक्षहरू विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा कार्यकारी निर्देशक थापाले मौद्रिक नीतिको प्रभाव वास्तविक आर्थिक क्षेत्रमा प्रसारण हुने प्रभावकारी माध्यमको रुपमा ब्याजदर रहन्छ भन्ने मान्यतामा ब्याजदर कोरिडोरको विकास भएको उल्लेख गर्दै यसको अभ्यास सर्वप्रथम बैंक अफ क्यानाडाले सन् १९९४ मा गरेको बताउनु भयो ।

ब्याजदर कोरिडोरको प्रमुख उद्देश्य अल्पकालीन ब्याजदरको सीमा तोक्ने, बैंकिङ प्रणालीको तरलता व्यवस्थापन गर्ने र मौद्रिक नीतिको अडानको सूचना दिने रहेको चर्चा गर्दै उहाँले यसका चार महत्वपूर्ण भागको रुपमा ब्याजदरको माथिल्लो सीमा (Interest Rate Cap), तल्लो सीमा (Interest Rate Floor), नीतिगत दर (Policy Rate) र सञ्चालन लक्ष्य (Operating Target) रहने बताउनु भयो ।

नेपाल राष्ट्र बैंकले पनि तरलता व्यवस्थापनको औजारको रुपमा आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीति मार्फत चलायमान ब्याजदर कोरिडोर (Floating IRC) र आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीति मार्फत स्थिर ब्याजदर कोरिडोर (Fixed IRC) को व्यवस्था लागु गरेको उल्लेख गर्दै यसको सञ्चालनबाट आर्थिक वर्ष २०७४/७५ मा निक्षेप बोलकबोलमा रु.४ करोड १३ लाख ब्याज खर्च भएकोमा रिपो बोलकबोलबाट रु.११ करोड ३६ लाख आम्दानी भई बैंकलाई रु.७ करोड २३ लाख बचत भएको जानकारी दिनुभयो ।

कार्यक्रमका सभापति तथा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. मास्केले ज्ञान आदानप्रदान कार्यक्रममा वार्ता प्रस्तुत गर्नु हुने कार्यकारी निर्देशक थापाका साथै सहभागी सबैलाई धन्यवाद मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रमको सुरुमा सहभागीहरूलाई स्वागत गर्दै गभर्नरको कार्यालयका निर्देशक भीष्मप्रसाद उप्रेतीले कार्यक्रम आयोजना गर्नुको औचित्य माथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा बैंकका काठमाडौंस्थित विभिन्न विभाग तथा कार्यालयहरूका ४५ जना अधिकृतहरूको सहभागिता रहेको थियो ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा नेपालगञ्ज कार्यालयको अवलोकन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले २०७५ मंसिर २८ गते बैंकको नेपालगञ्ज कार्यालयको अवलोकन गर्नुभयो । सो अवसरमा कार्यालयले कार्यालयका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरूको सहभागितामा एक कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर शिवाकोटीले कर्मचारीहरूलाई इमान्दारीपूर्वक लगनशील भएर काममा लाग्न निर्देशन दिनुभयो । कर्मचारीहरूले बैंकको कामसँग सम्बन्धित नीतिगत व्यवस्थाहरू तथा प्राज्ञिक विषयहरूको समेत जानकारी राख्नुपर्ने धारणा व्यक्त गर्दै उहाँले बैक र देशको काम केन्द्र विन्दुमा राख्दै वित्तीय अनुशासन कायम राख्न सबै कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक नेपालगञ्जका अध्यक्ष लेखबहादुर पाण्डे र नेपाल राष्ट्र बैंक कर्मचारी संघ नेपालगञ्जका अध्यक्ष कमलप्रसाद न्यौपानेले बैंकका प्रदेशस्थित कार्यालयहरूको कामको दायरा बढाउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

# केन्द्रीय बैंकको स्वायत्तता र स्वतन्त्रता विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

गभर्नरको कार्यालयले २०७५ मंसिर २५ गते आर्थिक वर्ष २०७५/७६ को तेस्रो ज्ञान आदानप्रदान कार्यक्रमको रुपमा केन्द्रीय बैंकको स्वायत्तता र स्वतन्त्रता विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा नेपाल र भारतका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषका वरिष्ट आवासीय प्रतिनिधि Mr. Andreas Bauer ले Central Bank Autonomy and Independence: How much is Needed? Why is it Important? विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

आफ्नो उद्देश्य बमोजिमको कार्य नियमित र सुचारु रुपमा सम्पादन गर्न केन्द्रीय बैंकलाई स्वायत्तता र स्वतन्त्रता आवश्यक पर्ने धारणा व्यक्त गर्दै उहाँले केन्द्रीय बैंकका लागि लक्ष्य निर्धारण स्वायत्तता भन्दा सञ्चालन स्वायत्तता अति महत्वपूर्ण रहेको बताउनु भयो । साथै, उहाँले केन्द्रीय बैंकको स्वायत्तता मजबुत बनाउन यसको आवश्यकता सम्बन्धमा सर्वसाधारणलाई सुसूचित गर्ने, नीतिगत तथा प्रशासनिक निर्णयमा पारदर्शिता कायम गर्ने, वित्तीय विवरणहरू नियमित रूपमा सार्वजनिक गर्ने, सक्षम र उत्कृष्ट मानवीय संसाधनको



विकास गर्ने लगायतका कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा वरिष्ट आवासीय प्रतिनिधि Bauer ले समयक्रमसँगै विश्वमा केन्द्रीय बैंकको स्वायत्तता बढ्दै गएको चर्चा गर्दै पछिल्लो समयमा विश्वका केन्द्रीय बैंकहरूको स्वायत्ततामाथि दबाब बढ्दै गएको बताउनु भयो ।

कार्यक्रममा प्रस्तुत वार्तामाथि सहभागीहरूबीच अन्तरक्रिया तथा छलफल गरिएको थियो । यस क्रममा कार्यकारी निर्देशकद्वय मुद्रा व्यवस्थापन विभागका लक्ष्मीप्रपन्न निरौला र वित्त व्यवस्थापन विभागका ऋषिकेश भट्ट तथा निर्देशकरु बैंक तथा वित्तीय संस्था नियमन विभागका बमबहादुर मिश्र, कानुन महाशाखाका रेवती नेपाल, वित्तीय जानकारी एकाइका रामु पौडेल र अनुसन्धान विभागका डा. डिल्लीराम पोखेलले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रमको अन्तमा सभापति तथा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले धन्यवाद मन्तव्य व्यक्त गर्दै कार्यक्रममा वार्ता प्रस्तुत गर्नु हुने वरिष्ट आवासीय प्रतिनिधि Bauer लाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।



कार्यक्रमको सुरुमा सहभागीहरूलाई स्वागत गर्दै गभर्नरको कार्यालयका निर्देशक भीष्मप्रसाद उप्रेतीले कार्यक्रम आयोजना गर्नुको औचित्य माथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा बैंकका काठमाडौंस्थित विभिन्न विभाग तथा कार्यालयहरूका प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# विभाग स्थानान्तरण

बैंकको थापाथली परिसरमा रहेका बैंकिङ कार्यालय र मुद्रा व्यवस्थापन विभाग २०७५ मंसिर १६ गतेदेखि बैंकको बालुवाटार परिसरमा स्थानान्तरण भएका छन् । थापाथली परिसरमा बैंकको नयाँ भवन निर्माण सुरु भएका कारण ती कार्यालयहरू स्थानान्तरण गरिएका हुन् । राष्ट्र ऋण व्यवस्थापन विभाग र बैंकर्स प्रशिक्षण केन्द्र भने थापाथली परिसरमै रहेका छन् ।

यसैगरी बैंकको बालुवाटार परिसरमा रहेका अनुसन्धान विभाग र आन्तरिक लेखापरीक्षण विभाग २०७५ मंसिर ६ गतेदेखि ललितपुर पुल्चोकस्थित राष्ट्रिय सहकारी विकास बोर्डको हरिहर भवन परिसरमा स्थानान्तरण भएका छन् । बैंकिङ कार्यालय र मुद्रा व्यवस्थापन विभागलाई बालुवाटार परिसरमा स्थानान्तरण गर्न ती विभागहरू हरिहर भवन स्थानान्तरण गरिएका हुन् ।

# मंगलसेनमा तथ्यांक सम्बन्धी गोष्ठी सम्पन्न

धनगढी कार्यालयले अछाम जिल्लाको सदरमुकाम मंगलसेनमा २०७५ मंसिर १३ गते बैक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायहरूको सहभागितामा १ दिने तथ्यांक गोष्ठी सम्पन्न गऱ्यो ।

कार्यालयका निर्देशक किरण पण्डितको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा उप-निर्देशक मनोज पोखरेलले तथ्यांक संकलनका विविध पक्षहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो ।

प्रस्तुत कार्यपत्र माथि गोष्ठीमा छलफल हुँदा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ निर्देशक पण्डित र उपनिर्देशक पोखरेलले दिनुभएको थियो ।

गोष्ठीमा समयमै तथ्यांक उपलब्ध गराउने, तथ्यांक ठीक दुरुस्त राख्ने, तथ्यांक संकलन गर्दा आउने समस्याहरू समाधान गर्दै जाने, स्थानीय निकायमा गाभिएका कृषि, पशु, सिचाई जस्ता कार्यालयहरूबाट तथ्यांक उपलब्ध हुने/नहुने, तथ्यांक संकलन सम्बन्धी कार्यलाई अझ बढी प्रभावकारी बनाउन आधुनिक प्रविधिबाट तथ्यांक संकलन गरिनु पर्ने, सामुदायिक वनबाट उत्पादन हुने काठ दाउरा गणनाको बाध्यकारी व्यवस्था नभएकाले वनको उत्पादन घट्न गएको लगायतका विषयमा छलफल भएको थियो ।



गोष्ठीमा सहभागीहरूले बैंक तथा वित्तीय संस्थाको पहुँच तथा विस्तार भए पनि दूरदराजका क्षेत्रहरूमा गलत किसिमका वित्तीय कारोबार अझै पनि हुने गरेको कारणले बैंक तथा वित्तीय संस्था प्रतिको जनविश्वास अभिवृद्धि गर्न वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमलाई व्यापक रुपमा दूर्गम जनस्तरसम्म पुऱ्याउनु पर्ने सुझाव दिएका थिए ।

तथ्यांक संकलनमा देखिने समस्याहरूको समाधान तथा यसको प्रभावकारिता बढाउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा कार्यालयका सहायक निर्देशक प्रेमचन्द ठकुरीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने सहायक निर्देशक ध्रुव कार्कीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी छलफल कार्यक्रम

धनगढी कार्यालयले २०७५ मंसिर ७ गते कार्यालयको सभाहलमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ को बारेमा सरोकारवालाहरूसँग छलफल कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रमका प्रमुख अतिथि तथा कार्यालयका निर्देशक किरण पण्डितले नेपालको प्रचलित कानुन, नेपाल राष्ट्र बैंक र बीमा समितिको नियमन र निर्देशनको परिधिभित्र रही सहुलियतपूर्ण कर्जा विस्तारलाई बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायहरूले आफ्नो सामाजिक उत्तरदायित्वको रुपमा पनि लिनुपर्ने बताउनु भयो ।

छलफलमा उठेका जिज्ञासाको जवाफ दिँदै निर्देशक पण्डितले बैंक तथा वित्तीय संस्थाहरूले आवश्यक कागजात सहित कर्जा आवेदन प्राप्त भएको मितिले २१ दिन भित्रमा कर्जा स्वीकृत हुने नहुने बारेमा ठोस निर्णय दिनुपर्ने व्यवस्था रहेकोले सोही बमोजिम कर्जा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कार्यालयका उप-निर्देशक मनोज पोखरेलले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधिका बारेमा जानकारी दिनुभएको थियो ।



नेपाल सरकारद्वारा स्वीकृत उक्त कार्यविधिको बारेमा सबै सरोकारवाला निकायहरूलाई जानकारी गराउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा धनगढीस्थित बैंक तथा वित्तीय संस्था, कृषि तथा महिला सहकारी संस्था, दलित संघ संस्थाका प्रतिनिधिहरू, विद्यार्थीहरू र अन्य सर्वसाधारणको सहभागिता रहेको थियो ।

# अधिकृत प्रथम पदमा बढुवा तथा पदस्थापन

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको निर्देशक (अधिकृत प्रथम) पद संख्या ११ (एघार) मूल्यांकन बढुवाको माध्यमद्वारा पूर्ति गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) बमोजिम उक्त पदमा बढुवाका लागि सिफारिस गरिएका उप-निर्देशकहरूलाई निर्देशक पदमा बढुवा गरी विभिन्न विभाग तथा कार्यालयमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागको २०७५ मंसिर २१ गतेको परिपत्रमा उल्लेख छ ।

यस अनुरुप राजनविक्रम थापालाई बैंक सुपरिवेक्षण विभाग, राजेन्द्र भट्टराईलाई विकास बैंक सुपरिवेक्षण विभाग, हिमप्रसाद न्यौपानेलाई अनुसन्धान विभाग, आनन्द पौडेललाई भुक्तानी प्रणाली विभाग, नरेन्द्रसिंह विष्टलाई बैंक तथा वित्तीय संस्था नियमन विभाग, मुक्तिनाथ सापकोटालाई बैंकर्स प्रशिक्षण केन्द्र, सुष्मा रेग्मी (रिजाल) लाई राष्ट्र ऋण व्यवस्थापन विभाग, गोविन्दप्रसाद नागिलालाई गभर्नरको कार्यालय, रुद्रबहादुर घिमिरेलाई सामान्य सेवा विभाग, बिनिता विष्टलाई बैंकिङ कार्यालय र मीना पाण्डेलाई आन्तरिक लेखापरीक्षण विभागको निर्देशक (अधिकृत प्रथम) पदमा पदस्थापन गरिएको छ ।

# तौलिहवामा आर्थिक तथा वित्तीय तथ्यांक गोष्ठी सम्पन्न

सिद्धार्थनगर कार्यालयले २०७५ मंसिर १५ गते कपिलवस्तु जिल्लाका सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवालाहरूको सहभागितामा “नेपाल राष्ट्र बैंकबाट संकलन गरिने आर्थिक तथा वित्तीय तथ्यांकको महत्व तथा सम्बन्धित निकायको भूमिका” विषयक गोष्ठी तौलिहवामा सम्पन्न गऱ्यो ।

कार्यालयका कायम मुकायम निर्देशक ऋषिराम बरालको सभापतित्वमा सम्पन्न भएको उक्त गोष्ठीमा उप-निर्देशक प्रकाश राईले “नेपाल राष्ट्र बैंकबाट संकलन गरिने आर्थिक तथा वित्तीय तथ्यांकको महत्व तथा सम्बन्धित निकायको भूमिका” विषयक वार्ता प्रस्तुत गर्नुभयो ।



कार्यक्रममा कायम मुकायम निर्देशक बरालले कपिलवस्तु जिल्लाको समसामयिक आर्थिक तथा बैंकिङ अवस्थाको चर्चा गर्दै बैंकबाट संकलन गरिने आर्थिक तथा वित्तीय तथ्यांकको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्व रहेकोले बैंकले माग गरे बमोजिमको तथ्यांक निर्धारित समयमा उपलब्ध गराउन सरोकारवाला सबैलाई अनुरोध गर्नुभयो ।

सो अवसरमा उप-निर्देशक राईले नेपाल राष्ट्र बैंकले नेपाल सरकारलाई आर्थिक तथा वित्तीय विषयमा नियमित सल्लाह र सुझाव दिनुपर्ने भएकोले देशको अर्थतन्त्रको सही विश्लेषण गर्न सघाउ पुग्ने गरी सरोकारवाला निकायहरूले विश्वसनीय र वास्तविक तथ्यांक उपलब्ध गराउनु पर्नेमा जोड दिनुभयो । साथै, उहाँले सरोकारवालाहरूबाट प्राप्त तथ्याङ्को आधारमा देशको आर्थिक अवस्था विश्लेषण गरेर बैंकले मौद्रिक नीति तर्जुमा गर्ने र नेपाल सरकारलाई आर्थिक तथा वित्तीय विषयमा सुझाव दिने भएकोले सरोकारवालाहरूबाट प्राप्त हुने तथ्यांक अत्यन्त महत्वपूर्ण र संवेदनशील रहेको उल्लेख गर्नुभयो ।

गोष्ठीमा प्रस्तुत वार्तामाथि टिप्पणी गर्दै कपिलवस्तु बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख डा. विनय पाण्डेले नेपाल राष्ट्र बैंकले स्रोतबाट नै आर्थिक तथा वित्तीय तथ्यांक संकलन गरी Time Series Data Bank बनाउनु पर्ने भएकोले बैंकले मौद्रिक नीति तर्जुमा गर्दा अन्तर्राष्ट्रिय आर्थिक परिदृष्यलाई पनि ध्यानमा राख्नुपर्ने बताउनु भयो । साथै, नेपाल राष्ट्र बैंकले अर्थतन्त्रका विविध पक्षहरूको क्षेत्रगत तथ्यांक संकलन गरी आम जनताको उपयोगको लागि सार्वजनिक गर्नुपर्ने उल्लेख गर्दै उहाँले बैंकले नीति तर्जुमा गर्दा अन्य नियामक निकायहरूसँग समन्वय गर्नुपर्ने सुझाव दिनुभयो ।

तथ्यांक कार्यालय कपिलवस्तुका महेशप्रसाद बोहोराले नेपाल राष्ट्र बैंक, केन्द्रीय तथ्यांक विभाग र कतिपय अन्य सरकारी कार्यालयहरूले संकलन गर्ने कृषि, उद्योग लगायतका आवधिक तथ्यांकहरूको स्रोत, विषय, क्षेत्र र साधनमा समेत दोहोरोपना देखिएको उल्लेख गर्दै तथ्यांक संकलनमा मितव्ययिता कायम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कार्यालयका सहायक निर्देशक रमेशकुमार न्यौपानेले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्देश्य तथा महत्वमाथि प्रकाश पार्नुभएको थियो ।

कपिलवस्तु जिल्लाका सरकारी कार्यालयका प्रमुखहरू, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, बैंक तथा वित्तीय संस्थाका स्थानीय शाखा प्रमुखहरू लगायतका सरोकारवालाहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन कार्यालयका सहायक निर्देशक रमेश सारुले गर्नुभएको थियो ।



# विराटनगरमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

विराटनगर कार्यालयले २०७५ मंसिर १८ गते कार्यालयको सभाहलमा आर्थिक वर्ष २०७५/७६ को पहिलो ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका कायम मुकायम निर्देशक सृजना बास्तोलाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा कार्यालयका उप-निर्देशक नन्दकुमार ढकालले "Macroeconomic Accounts and Their Inter-relationships" विषयमा प्रस्तुति दिनुभयो ।

कार्यक्रममा कार्यालयका अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।



# काभ्रेको डाँडागाउँमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको प्रायोजनमा नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघले काभ्रेको डाँडागाउँमा २०७५ मंसिर १४ गते वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गऱ्यो ।

बैंकका पूर्व निर्देशक नारायणकपुर पाठकको सभापतित्वमा काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका वडा नं. ११, डाँडागाउँस्थित श्री कालीदेवी माध्यमिक विद्यालयमा आयोजित उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक गंगाप्रसाद सत्याल प्रमुख अतिथि रहनुभएको थियो ।





कार्यक्रममा सभापति पाठक, प्रमुख अतिथि सत्याल, संघका अध्यक्ष श्यामबहादुर श्रेष्ठ र सचिव गोविन्दप्रसाद गौतमले बैंक खाता खोल्ने, बचत गर्ने, फजुल खर्च नगर्ने, नोटको जतन गर्ने, आवश्यक परे बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सक्ने लगायतका बैंकिङ कारोबार र वित्तीय चेतना अभिवृद्धि सम्बन्धी विविध पक्षको चर्चा गर्दै आ-आफ्नो प्रस्तुति दिनुभएको थियो ।

गभर्नरको कार्यालयका सहायक निर्देशक पार्वती थिङ लामाले पनि मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रममा उक्त विद्यालयका शिक्षक, शिक्षिका, विद्यार्थीहरु, स्थानीय सहकारी संस्थाका पदाधिकारीहरु तथा सदस्यहरु र सर्वसाधारण गरी १५८ जनाको सहभागिता रहेको थियो ।

उक्त संघले मकवानपुरको भीमफेदीमा पनि २०७५ मंसिर २० गते वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको थियो ।

# राष्ट्र बैंक पूर्व कर्मचारी कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.को साधारण सभा सम्पन्न

नेपाल राष्ट्र बैंकबाट अवकाश प्राप्त कर्मचारीहरूद्वारा स्थापित राष्ट्र बैंक पूर्व कर्मचारी कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.को सातौं वार्षिक साधारण सभा २०७५ मंसिर २१ गते काठमाडौंमा सम्पन्न भयो ।

सभामा संस्थाका अध्यक्ष प्रमोदप्रसाद नेपालले आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन पेश गर्नुभयो । सो अवसरमा उहाँले आर्थिक वर्ष २०७४/७५ मा संस्थाले रु.७ लाख ८५ हजार खुद मुनाफा आर्जन गरेको, सदस्य संख्या ३०१ पुगेको, कुल निक्षेप रु.२ करोड ५७ हजार तथा कुल ऋण लगानी रु.२ करोड ४ लाख ७ हजार रहेको जानकारी दिनुभयो ।

सभामा संस्थाका कोषाध्यक्ष पद्मबहादुर खत्रीले आर्थिक वर्ष २०७४/७५ को आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिका संयोजक भरतप्रसाद आचार्यले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पेश गर्नुभयो ।

सभामा संस्थाका प्रमुख सल्लाहकार तथा सभाका प्रमुख अतिथि माधवप्रसाद भट्ट, संस्थाका सल्लाहकार तथा नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका अध्यक्ष श्यामबहादुर श्रेष्ठ, संस्थाका संस्थापक अध्यक्ष शिवादेवी काफ्ले र काठमाडौं महानगरपालिका, सहकारी विभागका प्रतिनिधि सृष्टि बडालले सहकारीका विभिन्न आयाम बारे चर्चा गर्दै संस्थाको प्रगतिको लागि शुभकामना र साधारण सभाको सफलताको कामना गर्नुभएको थियो ।

संस्थाका उपाध्यक्ष विकासकुमार गौतमले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त सभाको सञ्चालन संस्थाका सचिव रामप्रसाद ढकालले गर्नुभएको थियो ।



# स.नि. चौलागाईंलाई विद्यावारिधि उपाधि

काठमाडौं विश्वविद्यालयले २०७५ मंसिर २८ गते आयोजना गरेको २४ औं दीक्षान्त समारोहमा उक्त विश्वविद्यालयका सह-कुलपति तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखेलले जनकपुर कार्यालयका सहायक निर्देशक रमेशप्रसाद चौलागाईंलाई विद्यावारिधिको प्रमाणपत्र प्रदान गर्नुभयो ।



विकास अर्थशास्त्र अन्तर्गत नेपालका साना ऋणीहरूको वित्तीय साक्षरता मापन शीर्षकको शोध कार्यका लागि काठमाडौं विश्वविद्यालयले जनकपुर कार्यालयका सहायक निर्देशक चौलागाईंलाई विद्यावारिधिको उपाधि प्रदान गरेको हो ।

नेपाल राष्ट्र बैंक समाचार सहायक निर्देशक डा. चौलागाईंलाई बधाई ज्ञापन गर्दछ ।

# वैदेशिक तालिममा सहभागिता

आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक निलम तिम्सिना IBFI ले २०१८ नोभेम्बर २६ देखि २९ सम्म फ्रान्समा आयोजना गरेको Internal Audit & Risk Management in Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

सिद्धार्थनगर कार्यालयका निर्देशक अशोककुमार पौडेल World Bank ले २०१८ डिसेम्बर ३ देखि ७ सम्म मलेसियामा आयोजना गरेको Global Payments Week 2018 विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा गभर्नरको कार्यालयका सहायक निर्देशकद्वय निर्मला खतिवडा र सुधा बिष्ट थापा पनि सहभागी हुनुहुन्थ्यो ।

बैंकिङ कार्यालयका उप-निर्देशक सजना शिल्पकार, सहायक निर्देशकहरू सोही कार्यालयका विष्णुबहादुर श्रेष्ठ, जनशक्ति व्यवस्थापन विभागका धनबहादुर श्रेष्ठ तथा बैंकर्स प्रशिक्षण केन्द्रका श्रृति सिंह RBI Staff College ले २०१८ डिसेम्बर १० देखि १४ सम्म भारतको चेन्नाईमा आयोजना गरेको International Program on Payment & Settlement विषयक तालिममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक शालिकराम पोखेल Dutch Bundesbank ले २०१८ नोभेम्बर २६ देखि ३० सम्म जर्मनीमा आयोजना गरेको Price & Volume Indices in Official Statistics विषयक तालिममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू बैंक सुपरिवेक्षण विभागका टीकाराम खतिवडा तथा सौरभ पोखरेल, लघु वित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका देवराज घिमिरे र वित्त कम्पनी सुपरिवेक्षण विभागका मनोज गुरुङ IMF-SARTTAC ले २०१८ नोभम्बर २६ देखि ३० सम्म भारतको नयाँ दिल्लीमा आयोजना गरेको Practical Implementation of Risk Based Supervision विषयक तालिममा सहभागी हुनुभयो ।

कानुन महाशाखाका सहायक निर्देशक डिल्लीराम न्यौपाने IMF-STI ले २०१८ डिसेम्बर ३ देखि ७ सम्म सिंगापुरमा आयोजना गरेको Legal Aspects of International Financial Institutions विषयक तालिममा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरू बैंक सुपरिवेक्षण विभागका इन्द्रत्रिविक्रम पहारी र निरज अधिकारी, बैंक तथा वित्तीय संस्था नियमन विभागका जगदिश कुमार तथा विकास बैंक सुपरिवेक्षण विभागका अशोककुमार राई RBI Staff College ले २०१८ डिसेम्बर १७ देखि २१ सम्म भारतको चेन्नाईमा आयोजना गरेको International Program on Banking Regulation विषयक तालिममा सहभागी हुनुभयो ।

# अधिकृत तृतीय र सहायक द्वितीय (सू.प्र.) पदमा नयाँ नियुक्ति तथा पदस्थापन

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको सहायक निर्देशक (अधिकृत तृतीय) र प्राविधिक सेवातर्फको सहायक (सहायक द्वितीय, सू.प्र.) पदको खुला प्रतियोगितात्मक परीक्षामा सफल भई नियुक्तिका लागि सिफारिस हुनुभएका देहायका उम्मेदवारहरूलाई २०७५ मंसिर १७ देखि नयाँ नियुक्ति गरी विभिन्न विभाग तथा कार्यालयमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

यस अनुरुप सुनिल कर्णेललाई जनशक्ति व्यवस्थापन विभाग (कामकाजः भुक्तानी प्रणाली विभाग) को सहायक निर्देशक पदमा पदस्थापन गरिएको छ ।

यसैगरी, सुप्रभा रेग्मी, सुमन थापा तथा विवेश पोखेललाई सूचना प्रविधि विभागको, सुमित घिमिरेलाई पोखरा कार्यालयको, अजयकुमार सिंहलाई जनकपुर कार्यालयको, विष्णुकुमार रौनियारलाई वीरगञ्ज कार्यालयको, नगिनाकुमारी चौधरी तथा जयश्री महर्जनलाई जनशक्ति व्यवस्थापन विभाग (कामकाजः सूचना प्रविधि विभाग) को, शुवचन्द्र राईलाई नेपालगञ्ज कार्यालयको र देवेन्द्र गहतराजलाई धनगढी कार्यालयको सहायक (सू.प्र.) पदमा पदस्थापन गरिएको छ ।

समाचार उहाँहरू सबैमा बधाई ज्ञापन गर्दछ ।

# सरुवा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा काजमा रहनुभएका वित्त व्यवस्थापन विभागका उप-निर्देशक केदारप्रसाद पोखेल बैंक तथा वित्तीय संस्था नियमन विभागमा, सहायकहरू पोखरा कार्यालयका वीरबहादुर जयसवाल वीरगञ्ज कार्यालयमा, विराटनगर कार्यालयका उज्वल ढुंगाना बैंकिङ कार्यालयमा तथा वीरगञ्ज कार्यालयका रिता ढोडारी जनशक्ति व्यवस्थापन विभाग (कामकाजः संस्थागत योजना विभाग) मा, सूचना प्रविधि विभागका सहायक (सू.प्र.) द्वय शिशिर मोदक सिद्धार्थनगर कार्यालयमा तथा रविन्द्रनारायण माझी विराटनगर कार्यालयमा र संस्थागत योजना विभागका उप-सहायक सिद्धराज भट्ट मुद्रा व्यवस्थापन विभागमा सरुवा हुनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

# राजिनामा

बैंकिङ कार्यालयका निर्देशक बिनिता विष्टले २०७५ मंसिर २२ गते देखि लागू हुने गरी दिनुभएको राजिनामा स्वीकृत गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

# अनिवार्य अवकाश

विराटनगर कार्यालयका सहायक निर्देशक शंकर वस्तीले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) मा भएको व्यवस्था अनुसार ५८ वर्ष उमेर हदका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

# बैंकको जोखिम व्यवस्थापनका लागि विभाग तथा कार्यालयहरू बीच सहयोग र समन्वय हुनु आवश्यक – गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले बैंकमा देखा परेका जोखिमहरूको न्यूनीकरणका लागि सबै विभाग तथा कार्यालयहरू बीच नियमित र बलियो सहयोग तथा समन्वय हुनु आवश्यक रहेको बताउनु भएको छ ।

आन्तरिक लेखापरीक्षण विभागद्वारा २०७५ मंसिर २१ गते काठमाडौंमा आयोजित Risk Based Internal Audit, Process Documents and Three Lines of Defense सम्बन्धी कार्यशाला गोष्ठीमा प्रमुख अतिथि रहनुभएका गभर्नर डा. नेपालले विभाग तथा कार्यालयहरूमा देखिएका जोखिमहरूको न्यूनीकरण गर्न सम्बन्धित विभाग तथा कार्यालयहरूले नै प्रमुख भूमिका खेल्नुपर्ने बताउनु भयो ।

आन्तरिक लेखापरीक्षणले संस्था तथा कार्यालयको बलियो पक्ष र कमजोर पक्षको उजागर गरी प्रतिवेदन पेश गर्ने भएकोले आन्तरिक लेखापरीक्षण अति महत्वपूर्ण रहेको चर्चा गर्दै उहाँले आन्तरिक लेखापरीक्षण चुस्त, दुरुस्त र प्रभावकारी भए संस्थाको अवस्था सधैं मजबुत रहने बताउनु भयो ।

अति नै खराब स्थितिमा पनि बैंकको काम कारवाही सुचारू राख्न सक्ने वातावरण तयार गर्न सबैले पहल गर्नुपर्ने बताउँदै उहाँले एउटा विभाग तथा कार्यालयमा रहेको उच्च जोखिमले पूरा संस्थालाई नै असर गर्ने भएकोले त्यस्ता जोखिम न्यूनीकरणका लागि गोष्ठी महत्वपूर्ण रहेको धारणा व्यक्त गर्नुभयो ।

गोष्ठीमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले उपलब्ध सीमित समय, श्रम र स्रोतको किफायतको लागि जोखिम व्यवस्थापन सम्बन्धी कार्य सघन जोखिमहरूमा केन्द्रीकृत गर्नुपर्ने उल्लेख गर्दै विदेशी दातृ निकायहरूले दिएका सल्लाह र सुझाव सही र राम्रा छन् भने अनुशरण गरेर लाभ लिनुपर्ने धारणा राख्नुभयो ।

डेपुटी गभर्नर शिवराज श्रेष्ठले नेपाल राष्ट्र बैंक एक विशिष्टिकृत संस्था भएको र यसका काम कारवाही पनि संवेदनशील हुने भएकोले न्यून मात्राको जोखिममा बसेर कार्य गर्नु आवश्यक रहेको चर्चा गर्दै यसका लागि व्यवसाय निरन्तर योजना (BCP) र संस्थागत अभिलेख बलियो र भरपर्दो हुनु आवश्यक रहेको बताउनु भयो ।

गोष्ठीमा बैंकका सञ्चालक एवम् लेखापरीक्षण समितिका अध्यक्ष रामजी रेग्मीले बैंकका विभाग तथा कार्यालयहरूमा सम्पादन गरिने कार्यहरूको प्रक्रिया पारदर्शी र अभिलेखित हुनुपर्ने बताउँदै केन्द्रीय बैंकको

**जोखिम व्यवस्थापनलाई एक संस्कृतिको रूपमा विकास गर्नु आवश्यक**

व्यवसाय निरन्तर योजना परिष्कृत र उत्कृष्ट हुनुपर्ने खाँचो औंल्याउनु भयो ।

यसै गरी लेखापरीक्षण समितिका सदस्य केशवप्रसाद भट्टराईले बैंकको आन्तरिक लेखापरीक्षण विभागको क्रियाशीलता बढ्नु सकारात्मक रहेको उल्लेख गर्दै बैंकको लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन समयमै हुनुपर्नेमा जोड दिनुभयो ।

गोष्ठीमा ३ वटा विभागीय प्रस्तुति प्रस्तुत गरिएका थिए ।

आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक नीलम तिम्सिनाले Risk Based Internal Audit तथा Process Documents विषयमा पहिलो प्रस्तुति प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले सीमित स्रोतसाधन संस्थाको उच्च जोखिमको क्षेत्रमा केन्द्रीकृत गर्न भूमिका खेल्नु जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको प्रमुख फाइदा भएको बताउनु भयो । साथै, संस्थाको काम कारवाही कसरी र कसको जिम्मेवारीमा सम्पादन गर्ने भन्ने बारेमा स्पष्ट जानकारी दिने भएकोले Process Documents अति नै महत्वपूर्ण रहेको उहाँले बताउनु भयो ।

सोही विभागका निर्देशक मिना पाण्डेले Three Line of Defense विषयमा दोस्रो प्रस्तुति प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा उहाँले तीन तहको सुरक्षा अन्तर्गत सम्बन्धित विभाग तथा कार्यालयले पहिलो, संस्थागत योजना विभागमा रहेको जोखिम व्यवस्थापन एकाइले दोस्रो र आन्तरिक लेखापरीक्षण विभागले तेस्रो तहको सुरक्षा सम्बन्धी भूमिका निभाउनु पर्ने बताउनु भयो ।

यसैगरी, संस्थागत योजना विभागका उप-निर्देशक आर्या जोशीले Business Continuity Plan (BCP) विषयमा तेस्रो विभागीय प्रस्तुति प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठीमा प्रस्तुत ३ वटै प्रस्तुतिमाथि छलफल गरिएको थियो भने जोखिम व्यवस्थापन सम्बन्धी कार्यलाई एक संस्कृतिको रुपमा विकास गर्नुपर्नेमा जोड दिइएको थियो ।

आन्तरिक लेखापरीक्षण विभागका कार्यकारी निर्देशक तिम्सिनाले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको उक्त गोष्ठीमा सोही विभागका निर्देशक पाण्डेले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

बैंकका सबै विभाग तथा कार्यालयका प्रमुखहरू र जोखिम व्यवस्थापन अधिकृतहरूको सहभागिता रहेको उक्त गोष्ठीको सञ्चालन आन्तरिक लेखापरीक्षण विभागका उप-निर्देशक अशोक घिमिरेले गर्नुभएको थियो ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
सुरेश पन्त

**सम्पादन सहयोगी**
रामकाजी खाइजू
समिता श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-५७०६११६, ५७०५९१८